**मकालु गाउँपालिका**
**MAKALU RURAL MUNICIPALITY**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office of Rural Municipal Executive**
स्था: २०७३ (Estd: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८२/०८३/स्वास्थ्य
Ref. No.: 2082/083/Health
चलानी नं:
Dispatch No.: 548

मिति: २०८२।१०।२८

**विषय: नसर्ने रोगहरु (मधुमेह, उच्च रक्तचाप, मृगौला सम्वन्धि रोग, शरीरको उचाई र तौलको अनुपात) पहिचानका लागि फाल्गुन महिनालाई अभियानको रुपमा संचालन सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपालमा नसर्ने रोगको कारण बिरामी हुने एवं मृत्यु हुनेहरुको अनुपात धेरै हुँदै गएको अवस्था छ । नेपालमा हुने मृत्युको लगभग तिन चौथाई अनुपात नसर्ने रोगले ओगटेको छ । तसर्थ नेपाल सरकारको निर्देशनानुसार २०८२ फाल्गुन महिनालाई नसर्ने रोगको रोकथाम तथा सचेतना कार्यक्रम यस पालिकाले सम्पूर्ण वडाको टोल तथा स्वास्थ्य संस्थाहरुमा आयोजना गरि नसर्ने रोगलाई नियन्त्रण गर्नुपर्ने भएकोले यस मकालु गाउँपालिकाको सम्पूर्ण वडाहरुको प्रत्येक टोलहरुमा १ दिने नसर्ने रोगहरु (मधुमेह, उच्च रक्तचाप, मृगौला सम्वन्धि रोग, शरीरको उचाई र तौलको अनुपात) को पहिचान तथा स्क्रीनिंग गरिने साथै स्वास्थ्य संस्थामा निरन्तर एक महिनासम्म नसर्ने रोगहरुको पहिचान तथा स्क्रीनिंग कार्यक्रम संचलान हुने भएकोले आफूलाई पायक पर्ने स्वास्थ्य संस्था तथा टोलहरुमा देहाय बमोजिमका नसर्ने रोगहरुको परीक्षण गरि आफ्नो स्वास्थ्य सम्वन्धी जानकारी लिई यस कार्यक्रमबाट फाइदा लिनु हुन सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल:</u>

१. मधुमेह २. रक्तचाप (Blood Pressure)

३. मृगौला सम्बन्धी रोगको जाँच

४. उचाई र तौलको अनुपात (BMI)

मिति: २०८२ फाल्गुन १ गते देखि ३० गते सम्म ।

स्थान: सबै स्वास्थ्य संस्थाहरुमा निरन्तर फाल्गुन महिनाभरी र सबै वडाको टोलमा १ पटक ।

२०८२/१०/२८
.................................
इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत




CamScanner

# मकालु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# नुम, संखुवासभा

## नसर्ने रोगहरुको पहिचानका लागि
## एक महिने अभियान
## फागुन २०८२

नेपालमा मृत्यु र अपाङ्गताको मुख्य कारणका रूपमा रहेको नसर्ने रोगको बढ्दो जोखिमलाई ध्यानमा राखी यहि फागुन महिनाभर नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, र व्यवस्थापनका लागि देशव्यापी अभियान सञ्चालन हुँदैछ।



**यदि तपाईंको उमेर ३० वर्षभन्दा माथि छ भने नजिकैको टोल वा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई यी जाँचहरु गराई आफ्नो स्वास्थ्य अवस्था थाहा पाउनुहोस् र स्वास्थ्य प्रतिको आफ्नो जिम्मेवारी पुरा गर्नुहोस्।**

- मधुमेह जाँच (रगतमा चिनीको मात्रा परीक्षण)
- मिर्गौला सम्बन्धी रोगको जाँच
- रक्तचाप (ब्लडप्रेसर) मापन
- उचाइ र तौलको आधारमा BMI मापन

**व्यवस्थापनका लागि मकालु गाउँपालिका भरी अभियानको रुपमा सञ्चालन हुँदैछ।**

**समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ।**

CamScanner